म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ११७ आइतबार, १९ मंसिर २०७८ प्रतिपदा ने. सं. ११४२ चिलाथ्व 5 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## कुकुर नियन्त्रण गर्दै दाह्री ग्याङ्

हेटौंडा/दाह्री पाल्ने युवाहरुको संगठित संस्था दाह्री ग्याङले हेटौंडाका गल्ली र सडकमा खुल्ला छोडिएका कुकुरहरुको नियन्त्रण लिएको छ । सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको दाह्री ग्याङ हेटौंडाले शनिवार हेटौंडाका सडकमा खुल्ला छोडिएका कुकुरहरुलाई नियन्त्रणमा लिएर खोप र औषधि दिएको छ ।

दाह्री ग्याङ हेटौंडा र परोपकारी युवा संजाल नेपालको सहकार्यमा कुकुरहरुलाई खोप र औषधि दिइएको हो । सेतो गुराँस भेट फर्मा र क्यूमेड फर्मुलेसनले कुकुरलाई अवश्यक पर्ने खोप तथा औषधि प्रायोजन गरेको जनाइएको छ ।

कुकुरहरुलाई परिजिवि नियन्त्रण कार्यक्रमअन्तर्गत लुतो, जुका, दाद गर्रा २० वटा कुकुरलाई खोप तथा औषधि दिईएको दाह्री ग्याङका संयोजक अजित खड्काले जानकारी दिएका छन् । दाह्री ग्याङले यसअघि मठमन्दिर, वृद्धवृद्धा आश्रमलगायतका सामाजिक क्षेत्रमा सहयोग गर्दै आइरहेको थियो । खड्काले हेटौंडाको भुटनदेवि मन्दिर परिसर सर सफाईं, वृद्धवृद्धा आश्रममा खाना वितरण गरेको थियो ।

# हेटौंडा उपमहानगरपालिकामाथि महालेखाले ठहर गरेको त्रुटिविपरीत अदालतको आदेश

साझाकुरा संवाददाता

हेटौंडा/नियमविपरीत हेटौंडा उपमहानगरपालिकाले कानुन बनाएर कर्मचारीको तह तथा ग्रेड वृद्धिलाई अदालतले सदर गरेको छ । उपमहानगरपालिकाले आफूले बनाएको ऐनको आधारमा केही कर्मचारीहरुको २०७६ असार ६ गते तहतथा ग्रेड वृद्धि गरेको थियो ।

प्रशासकीय अधिकृतहरुले संघमा निजामती सेवासम्बन्धी ऐन विचाराधीन रहेको, प्रदेशले पनि यससम्बन्धमा ऐन नबनाएको भन्दै स्थानीयतहले बनाएको ऐन संविधानविपरीत हुन सक्ने भन्दै वृद्धि भएको तहअनुसारको तलब, सुविधा दिन रोक लगाएका थिए ।

यही विषयलाई महालेखा परीक्षकले त्रुटि रहेको औंल्याउँदै सच्याउन भनेको थियो । तर, कर्मचारीहरुले उच्च अदालत पाटनमा हेटौंडा इजलासमा दिएको रिटमा महालेखाले औंल्याइएको त्रुटिविपरीत उपमहानगरले वृद्धि गरेको ग्रेडअनुसारको तलब भुक्तानी दिन उपमहानगरपालिकाको नाममा परमादेश जारी गरेको छ ।

उपमहानगरपालिकाले २०७५ चैत २१ माबनाएको हेटौंडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकाससम्बन्धी विशेष ऐन, २०७५ अनुसार शाखा अधिकृत तथा प्रबन्धकहरुको तह वृद्धि तथा ग्रेड वृद्धि गरेको थियो । तर, बढेको तह तथा ग्रेड अनुसारको सेवा सुविधा दिन तह वृद्धि गरी पदस्थापन गरिएको मितिदेखि नै उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले रोक लगाउँदै आएका थिए ।



उच्च अदालतका न्यायाधीशद्वय चण्डीराज ढकाल र मुहम्मद साविर हुसैनको संयुक्त इजलासले बढेको ग्रेड अनुसारको तलबदिन हेटौंडा उपमहानगर पालिकालाई आदेश दिएको छ । आदेशमा उपमहानगरपालिकाले बनाएको कानुन संविधानसम्मत नै रहेको पुष्टि गरिएको छ । संविधानविपरीत भएको हो भन्ने लिखित जवाफ सम्बन्धित पक्षबाट पनि नआएको अदालतको फैसलामा उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाले शाखा अधिकृत रहेका जगन्नाथ सापकोटालाई छैटौं स्तरबाट आठौं स्तरमा, सातौं स्तरका अधिकृत भीमप्रसाद तिमल्सिनालाई नवौं स्तरमा, सातौं स्तरका अधिकृत सत्यनारायण साहलाई नवौं स्तरमा बढुवा गर्ने निर्णय गरेको थियो । तर, बढुवा भएकै दिनबाट पाउनु पर्ने तलब, सुविधा रोक्का गरिएको भन्दै उनीहरु अदालत गए । उच्च अदालत पाटन, हेटौंडा इजलासले मंसिर १ गते उनीहरुकै पक्षमा फैसला गरिदिएको हो ।

महालेखा परीक्षकको कार्यालयले हेटौंडा उपमहानगर पालिकालाई कारबाही गर्न वाग्मती प्रदेश लोक सेवा आयोगलाई सुझाव दिएको थियो । महालेखा परीक्षकको कार्यालयलको ५८औं वार्षिक प्रतिवेदनमा नियमविपरीत कर्मचारीको स्तरवृद्धि र तलब ग्रेडवृद्धि गरेको भन्दै उपमहानगर पालिकालाई कारबाही गर्न आयोगलाई सुझाव दिएको थियो ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार उपमहानगर पालिकाले कर्मचारी वृत्तिविकास तथा व्यवस्थापनसम्बन्धी विशेष ऐन, २०७५ तर्जुमा गरी आर्थिक वर्ष २०७६/७७ मा ९ कर्मचारीलाई दुई तह वृद्धि, १७ कर्मचारीलाई एक तह वृद्धि गरी २ ग्रेड थप, १ सय २ कर्मचारीलाई २ ग्रेडवृद्धि गरेको छ । दुई तह र एक तह वृद्धि गरिएका २८ कर्मचारीलाई पदस्थापना गरी साविककै सुविधा भुक्तानी भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, 'दुई ग्रेड वृद्धि गरेका एक सय २ जनामध्ये ९६ जनालाई भने २०७६ कात्तिकदेखि २०७७असार महिनासम्मको तलब भत्ता भुक्तानी गर्दा उक्त २ ग्रेडसमेत थप गरी १५ लाख २६ हजार भुक्तानी गरेको छ ।'

कुनैपनि स्थानीय तहले बनाएको कानुन संविधान, संघीय कानुन र प्रदेश कानुनविपरीत हुनु हुन्न भन्ने संवैधानिक मान्यता रहेको छ । स्थानीय तहले बनाउने कानुन विशेषत: प्रदेश कानुनअनुसार बन्ने गर्छ । तर, प्रदेशले पनि संघीय सरकारले निजामती सेवासम्बन्धी कानुन पारित नगरेको भन्दै यसम्बन्धी कानुन तय गर्न सकेको छैन ।

प्रदेश लोक सेवा आयोग गठन भए पनि यसले निजामती ऐन नपाउँदा कर्मचारीहरुको सरुवा, बढुवा, विभागीय कारबाही, कर्मचारीको सेवा सुविधाजस्ता काम गर्न पाएको छैन । तर, हेटौंडा उपमहानगरपालिकाले पनि संघमा नै विचाराधीन रहेको र प्रदेशमा पनि कानुन नबनेको अवस्थामा आफैंले कानुन बनाएर कर्मचारीको ग्रेड तथा स्तरवृद्धि गरेको हो ।

संविधानले नै स्थानीय सेवाको व्यवस्थापन गर्ने अधिकार स्थानीयतहलाई दिएको छ । तथापि प्रदेशको कानुन नबन्दै कर्मचारी सेवा सुविधा तोक्ने कानुन बनाउनु संविधानविपरीत रहेको जानकारहरुको भनाइ छ ।

महालेखा परीक्षकले आयोगको ऐन, २०७६ को दफा एक सय ६ मा 'संविधान, यो ऐन र अन्य प्रचलित कानुन तथा आयोगले समय-समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति बढुवा वा विभागीय कारबाही गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ति बढुवा वा विभागीय कारबाही अनियमित ठहर गर्न सक्ने व्यवस्था' रहेको उल्लेख गरेको छ । महालेखाले आयोगको परामर्शबेगर गरिएको तह वृद्धि ग्रेडथपलगायतका कार्य नियमसम्मत मान्न नसकिने हुनाले कानुनबमोजिम कारबाही गर्न सुझाव दिएको उल्लेख छ ।

## नेपाली काँग्रेस बागमती प्रदेश अधिवेशन

# मध्यरातसम्म मतदान

साझाकुरा संवाददाता



हेटौंडा/नेपाली काँग्रेसको प्रथम बागमती प्रदेश अधिवेशनअन्तर्गत शनिबार तोकिएको समयमै मतदान प्रक्रिया सुरु हुन नसकेपछि मध्यरातसम्म मतदान भएको छ ।

नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अन्तर्गत मतदान समय शनिबार बिहान ८ बजेदेखि तोकिएको थियो । निर्वाचन समितिका सदस्य गणेश हुमागाईंका अनुसार अन्तिम नामावली प्रकाशन र मतपत्र छपाईमा ढिलाई हुँदा तोकिएको समयभन्दा ८ घण्टापछि दिउँसो ४:३० बजेबाट मतदान सुरु गरिएको हो ।

'उम्मेदवार धेरै भएको र ढाँचा अनुसार अन्तिम नामावली प्रकाशन गर्नुपर्ने र नामावली प्रकाशनपछि मात्र मतपत्र छपाइ हुने भएकाले तोकिएको समयभन्दा ८ घण्टा ढिलाइ हुने पुगेको हो ।', उनले भने 'हामीले ४:३० बजेबाट मतदान प्रक्रिया सुरु गरेको हुनाले राती १० बजेसम्म मतदान केन्द्र प्रवेश गर्ने मतदाताले मतदान गर्न पाउनेछन् ।'

उनले १० बजेसम्म प्रवेश गरेका मतदाताले मतदान गरिसक्दा करिब मध्यरातको १२ बजे कट्ने अनुमान गरिएको बताए । काँग्रेस बागमतीको नेतृत्वको ३ जना सभापतिका उम्मेदवार प्यानलसहित चुनावी मैदानमा होमिएका छन् । केन्द्रीय सभापति शेरबहादुर देउवा पक्षका इन्द्रबहादुर बानियाँ, संस्थापन इत्तर पक्षबाट जगदिश्वर नरसिंह केसी र कृष्ण सिटौला पक्षबाट भीमसेनदास प्रधान चुनावी मैदानमा छन् ।

निर्वाचन समितिका अनुसार अधिवेशनबाट एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र एक महिलासहित तीन सहमहामन्त्री र ८३ सदस्यसहित ९१ सदस्यीय नयाँ कार्यसमिति चयन हुनेछ । खुलातर्फ ४८ र ३५ जना समावेशीतर्फबाट सदस्य निर्वाचित हुनेछन् । १३ जिल्लाका २ हजार १ सय ३७ जना प्रतिनिधिले मतदान गर्नेछन् । मध्यरातसम्म मतदान हुने भएकोले सुरुक्षा व्यवस्था कडाइ पारिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार करिब ३ सय बढी सुरुक्षाकर्मी मतदान स्थलमा खटिएका छन् ।







साझाकुरा

## हाम्रो कुरा

# नयाँ योजनाको खाँचो

वास्तवमै समाजलाई र संसारलाई अपाङ्गमैत्री बनाउन जरुरी छ, समावेशी भनेको भाषा, संस्कृती, भू-भाग मात्र नभई अपाङ्ग साथीहरुलाई पनि सहज तवरमा संगै लिएर विकासको दौडमा हिंड्न सफल बनाउनु पनि हो । अझ अहिलेको अवस्थामा अपांगता भएका मान्छेहरुको जीवनको कठिनाई झनै धेरै भएको छ । कोरोना त्राससंगै अपांगता भएका मान्छेहरुको अृठेरो झनै धेरै भएको स्पष्ट छ । अपाङ्गतालाई समान अवसरले सकारात्मक वातावरणकाबिचमा राख्नसके सपाङ्ग झैं अथवा त्यो भन्दा धेरै व्यवस्थित ढंगले कुनैपनि चुनौतिको सामना गर्न सक्दछन् । चाहे ती साहित्यकार झमक कुमारी जस्ता पात्र हुन् या हेलेन केलर या स्टेफेन हक्वीनस् नै किन नहुन ।

खाने मुखलाई जुँगाले छेकेको छैन, समाजमा रहेका कुनै न कुनै किसिमले अपाङ्गतामा रहनुभएका दाजुभाई, दिदीवहिनी, आमाबुवाहरुमा आज हाम्रो पात्रोको हार्दिक नमन र सम्मानका शब्दहरु । सन् १९९२ बाट हरेक वर्षको ३ डिसेम्बर दिन संसारभरि विश्व अपाङ्गता दिवस मनाइन्छ । आजको दिन विभिन्न कार्यक्रम तथा गोष्ठी, र्‍यालीहरु आयोजना गरिन्छ, समानता र हौसलाको नारा गुञ्जायमान हुन्छ र वर्षभरि यी आवाजहरु गुञ्जीरहुन् भन्ने कामना पनि छ । अपाङ्गता भएका ब्यक्तिहरुले गर्नुभएको सकारात्मक र उपलब्धिमूलक कथाहरुलाई पनि आज विश्व समूदायले विभिन्न माध्यम मार्फत् अवलोकन र श्रवण गर्नेगर्दछन् भने अर्कोतर्फ अपाङ्गमैत्री समाज अनि संरचनाकालागि पैरवी पनि गरिन्छ । हरेक सरकार अनि संगठनहरुले अपाङ्गगता भएकाहरूलाई प्राथमिकतामा राख्ने अनि समान वातावरण दिने प्रतिवद्धता राखेका हुन्छन र आज त्यो वाचा गरेका कुराहरू उपलब्धिका रूपमा कति प्राप्त भए वा भएनन भन्ने याद दिलाउने दिन पनि हो । अपाङ्गता भएको जनसंख्यालाई साथै लिएर हिंड्न नसक्ने हो भने संसारले दिगो र फराकिलो विकास पाउन सक्दैन् ।

समावेशी र समान समाजको परिकल्पना नै आजको टड्कारो आवश्यक्ता हो । नेपाल सरकार लगायत विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुले अपाङ्गताकालागि धेरै परि योजना कानुनत: पैरवीहरु गरिरहेका छन् । अपाङ्गता विभिन्न किसिमको हुन्छ र हरेक प्रकारका अपाङ्गताकालागि विशेष प्रविधी र ब्यवस्था जरुरी हुन्छ, सबैको ध्यान यसतर्फ पुग्न जरुरी छ । प्रत्येक विद्यालयहरुमा सहज अपाङ्गमैत्री शिक्षा जस्तै: व्रेल लिपी अनि सांङ्गेतिक भाषामा शिक्षाको व्यवस्था, सहज आवत-जावतगर्न अपाङ्गमैत्री संरचना जरुरी छ । अपाङ्गता भएका साथीहरुमा राज्यले गरेका लगानी पक्कै खेर जाँदैन किनकि सक्षम नागरिक उत्पादन गर्न सके वहाँहरुको सेवा र क्षमताले राज्यको विकासमा नै थप टेवा पुग्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २० गते सोमबार ६ डिसेम्बर २०२१ । मार्ग कृष्ण द्वितीया । कछलागा तृतीया ११४१ । सूर्योदय ६:३९ र सूर्यास्त ५:०८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# स्वास्थ्यका लागि नयाँ विश्व संरचना



**गोर्डन ब्राउन**

कोभिड-१९ ले तीव्र पारेको क्षतिमा सबैभन्दा पछिल्लो ओमिक्रोनलगायत यसका नयाँनयाँ प्रकारले विध्वंश मच्चाएका छन् । कोभिड-१९ का कारण संसारभरमा ५० लाखभन्दा बढी ज्यान गइसकेको छ अहिलेको २६ करोड पुगेको संक्रमितको संख्या अर्को शरदसम्म बढेर ४६ करोड पुग्नेछ । विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार आगामी महिनाहरूमा थप ५० लाख मानिस यस महामारीबाट मर्न सक्छन् ।

यसैले यही नोभेम्बर २९ देखि विशेष बैठक हुन लागेको विश्व स्वास्थ्य महासभाको मुख्य काम यस प्रकारको दु:खान्तको निरन्तरता रोक्नुबाहेक अरू केही हुनै सक्तैन । खासगरी अहिले विश्वका लागि संक्रामक रोगलाई महामारी बन्न नदिने बाध्यकारी अन्तर्राष्ट्रिय सम्झौताको आवश्यकता छ । विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस गेबरयेससले आग्रह गरेजस्तै नयाँ सम्झौता सबैका लागि स्वास्थ्यप्रतिको प्रतिबद्धता पुष्टि गर्दै राष्ट्रहरूबीचको न्याय तथा ऐक्यबद्धतामा आधारित हुनुपर्छ ।

सम्पत्ति र आय जति भए पनि स्वस्थ रहने अधिकार सबैको भएकाले स्वास्थ्यमा सबैको न्यायपूर्ण पहुँच हुनुपर्छ र अन्तर्राष्ट्रिय समुदायले उपलब्ध चिकित्सा स्रोतको न्यायोचित प्रयोग र वितरण सुनिश्चित गर्नुपर्छ । यसका लागि पूर्ण क्रियाशील विश्व निगरानी, संकटकालीन अवस्थामा द्रूत पहिचान र सहयोग आदानप्रदान तथा लागतको प्रक्षेपण गर्ने संयन्त्र आवश्यक हुन्छ । कोभिड -१९ को खोपको न्यायपूर्ण वितरण गरिने वाचाको विफलताबाट यस्तो सम्झौताको आवश्यकता छर्लङ्ग भएको छ । यद्यपि, विज्ञानको प्रगति र उत्पादनको सुदृढ प्रयासका कारण सन् २०२१ को अन्त्यसम्म १२ अर्ब मात्रा उत्पादन हुनेछ । यो मात्रा संसारका सबै वयस्कका लागि पर्याप्त हो तर न्यून आय भएका मुलुकका ९५ प्रतिशत भने असुरक्षित रहेका छन् । सम्भवत: यो हाम्रो समयको सबैभन्दा ठूलो सार्वजनिक नीतिको विफलता हो । डिसेम्बर २०२१ को अन्त्यसम्म ४० प्रतिशत जनसंख्यालाई खोपाउने विश्व स्वास्थ्य संगठनको अन्तर्राष्ट्रिय स्तरमा सहमत लक्ष्य ८२ वटा देशले पूरा गर्न नसक्ने देखिएको छ ।

अहिलेकै अवस्थामा त ४० प्रतिशतलाई खोप दिलाउन अर्को इस्टरसम्म लाग्नेछ तैपनि दर्जनौ मुलुक असफल हुनेछन् । वास्तवमा जुनमा भएको जी ७ को शिखर बैठकमा विश्वका नेताहरूले सन् २०२२ सम्म संसारका सबैलाई खोप दिइसक्ने प्रतिज्ञा गरेका थिए तर त्यस यता हुने र नहुनेहरूका बीचमा खोपको अन्तर घटेको छैन बरू बढेको छ । जुनमा उच्च आय भएका मुलुकमा ४० प्रतिशत थियो भने अहिले मोटामोटी ७४ प्रतिशत पुगेको छ । तर, न्यून आय भएका मुलुकमा निकै ढिलो गतिमा बढेको छ । उतिबेला १ प्रतिशत जनसंख्याले खोपको पाएको थियो भने अहिले ५ प्रतशतभन्दा कम छ । न्यून आय भएका मुलुकमा एक जनाले खोप पाउँदा उच्च र मध्यम आय वर्गका देशका ६ जनाले खोपको थप (बुस्टर) मात्रा रहेका छन् । अफ्रिकाका त ७३ प्रतिशत स्वास्थ्यकर्मी नै असुरक्षित छन् ।

सत्य हो, यस प्रकारको अन्यायपूर्ण असमानता सम्बोधन गर्न महत्त्वपूर्ण क्षेत्रीय प्रयासहरू गरिएका छन् । अफ्रिकन युनियनको खोप खरिद गर्ने निकाय अफ्रिकन भ्याक्सिन एक्विजिसन ट्रस्टले जोनसन एन्ड जोनसनबाट एक मात्रा दिए पुग्ने ४० करोड मात्रा खोप खरिद गरेको छ । ट्रस्ट अध्यक्ष स्ट्राइभ मासिइवा र अमेरिकी सरकारको सौजन्यमा मोडेर्नाबाट ११ करोड मात्रा प्राप्त हुनेछ र त्यसमध्येको ५ करोड मात्रा मार्चसम्ममा आपूर्ति पनि भइसक्यो । तर, अफ्रिकाको १ अर्ब ३० करोड जनसंख्याका लागि यो अझै अपर्याप्त नै हुन्छ ।

यो असमानता बुझ्न भने कठिन छैन । एअरफिनिटीले गरेको हालैको सर्वेक्षणले संसारका धनी मुलुकहरूले ८९ प्रतिशत कोभिड-१९ को खोप खरिद गरेका छन् भने पछि हुने आपूर्तिको पनि ७१ प्रतिशत ओगटेको देखाएको छ । उत्तरी गोलार्धका मुलुकहरू दक्षिणी गोलार्धका लागि वाचा गरेअनुसारको खोप उपलब्ध गराउन असमर्थ भएको छ । अमेरिकाले आफूले कबुल गरेकोमध्ये २५ प्रतिशतमात्र पठाएको छ भने युरोपेली युनियन, बेलायत र क्यानाडाले त अझ कम क्रमश: १९, ११ र ५ प्रतिशतमात्र पठाएका छन् । डिसेम्बरसम्ममा २ अर्ब मात्रा खोप वितरण गर्ने अपेक्षा गरिएको 'कोभिड-१९ भ्याक्सिन ग्लोबल एक्सेस (कोभ्याक्स)' ले अब त्यसको तीन चौथाइमात्र आपूर्ति गर्ने अपेक्षा गरिएको छ ।

धनी मुलुकहरूमा देखिएको खोप थुपार्ने प्रवृत्तिका आधारमा एअरफिनिटीले २०२१ को अन्त्यसम्म जी २० मुलुकमा थुपारिएको खोपमध्ये १० करोड मात्राको म्याद नाघेर खेर जाने अनुमान गरेको छ । जी २० मुलुकहरूको यसरी प्राण रक्षा गर्ने खोप थुपारेर गरिब मुलुकहरूका लागि नदिने तर करोडौं मात्रा खेर जान दिने कार्य नैतिकरूपमा प्रतिरक्षा नहुने र कहिल्यै माफ गर्न वा बिर्सन नसकिने चिकित्सकीय एवं सामाजिक बर्बरता हो । खोपको असमानताले अन्तर्राष्ट्रिय जनस्वास्थ्य संरचना वा स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियामा विश्वव्यापी आमूल परिवर्तनको आवश्यकता देखाएको छ ।

अन्तर्राष्ट्रिय निकायहरूमा विश्व व्यापार सगठनको पुनरावेदन निकाय तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई मात्र राष्ट्रिय सरकारहरूका लागि मान्नै पर्ने बाध्यकारी हुने निर्णय गर्ने अधिकार र स्वतन्त्रता छ । त्यसैले ती निकायहरूमाथि अन्तर्राष्ट्रियतावादका विरोधीहरूको आक्रमण बढी हुनेगरेको छ । बाध्यकारी सन्धि सुनिश्चित गर्न सजिलो छैन ।

चुरोटको माग र आपूर्ति घटाउन एउटा विश्व स्वास्थ्य सन्धि विद्यमान छ र २०११ को एउटा सम्झौताअनुसार विश्व सा्वास्थ्य संगठनले इन्फुएन्जाको खोपको आपूर्तिमा निर्देशन दिन सक्ने सुनिश्चित गरिएको छ । तर, विश्व स्वास्थ्य निकायलाई महामारीको रोकथाम, पहिचान, तयारी तथा नियन्त्रणका लागि थप काम गर्न सक्षम बनाउने कानुनीरूपमा बाध्यकारी अन्तर्राष्ट्रिय सम्झौताका सम्बन्धमा हामी अहिलेसम्म भ्रमित नै छौं । कोभिड -१९ को नयाँ प्रकार देखिइरहेका समयमा विशेष शिखर बैठकबाट विश्व स्वास्थ्य संगठनको विधानअन्तर्गत कानुनीरूपमा बाध्यकारी सम्झौता प्रक्रिया आरम्भ गरिनु आवश्यक छ । यस अतिरिक्त सरकारहरूले हालैका महत्त्वपूर्ण प्रतिवेदनहरूबाट पनि निष्कर्ष निकाल्न सक्छन् । यिनमा ल्यारी समर्स, थर्मन सम्मुगारत्नम र ङओजी ओकिन्यो इवेलाले सहअध्यक्षता गरेका जी २० उच्चस्तरीय स्वतन्त्र समूह, विश्व स्वास्थ्य सगठनको युरोपेली क्षेत्रका लागि मारियो मोन्टीको नेतृत्वमा तयार गरिएको प्रतिवेदन, लाइबेरियाका पूर्वराष्ट्रपति एलेन जोनसन सर्लिफ र न्युजील्यान्डका प्रधानमन्त्री हेलेन क्लार्को नेतृत्वमा गरिएको विश्व स्वास्थ्य संगठनको समीक्षा मुख्य छन् ।

बलियो सम्झौतामा कतिपय प्रमुख तत्त्वहरू समावेश हुनुपर्छ । पहिलो, विश्व स्वास्थ्यका अगुवाहरूलाई स्वास्थ्य निगरानी गर्ने अधिकार विकास तथा अद्यावधिक गर्ने थप अधिकार आवश्यक हुन्छ । दोस्रो, एक्सेस टु कोभिड-१९ टुल एक्सेलेरेटर (एसीटी -ए) र कोभ्याक्सबाट सुरु गरिएका कामहरू अगाडि बढाउनुपर्छ र वैयक्तिक सुरक्षा सामग्री (पीपीई),परिक्षण, उपचार एवं खोपको न्यायोचित उत्पादन तथा वितरण सुनिश्चित गर्नुपर्छ जसबाट अहिलेको र भविष्यको महामारीबाट सबै मुलुकले आफूलाई सुरक्षित राख्न सक्नेछन् । तेस्रो, विश्व महामारी प्रतिकार्य तयारी बोर्ड आवश्यक छ ।

परन्तु, नेताहरूले स्वास्थ्य प्रावधानहरूमा स्पष्ट विद्यमान विश्वव्यापी असमानताको सम्बोधन गर्ने दिगो आर्थिक संयन्त्र निर्माण गर्नुपर्छ । प्राय: विश्वव्यापी संकटमा हामी जिम्मेवारी पन्छाउने वा दाताहरूको तदर्थ सम्मेलन गर्नेमा सीमित हुन्छौं । महामारी प्रतिकार्य पूर्वतयारीमा धेरै रकम तिर्नसक्ने मुलुकले बी भार बेहोर्ने सूत्रअनुसार खर्च गर्नु उत्तम हुन्छ । अहिले पनि विश्व स्वास्थ्य संगठनको बजेटको २० प्रतिशतभन्दा कम यसरी नै जुट्ने गरेको छ । सन् १९६० र १९७०को दशकमा बिफर उन्मूलनको अन्तिम प्रयत्न धनी मुलुकहरूबीच खर्च भागबन्डा गर्ने आधारमा सुरु गरिएको थियो ।

कोभिड-१९ खोपको लक्ष्य हासिल गर्न असफल हुँदा सन् २०२५ मा कुल गार्हस्थ्य उत्पादनमा २३ खर्ब डलर नोक्सान हुन्छ । यस परिप्रेक्ष्यमा जी -२० उच्चस्तरीय स्वतन्त्र समूहले महामारी रोकथाम तथा प्रतिकार्य तयारीका लागि प्रस्ताव गरेको १० अर्ब डलरको वार्षिक बजेट इतिहासमै सबैभन्दा बढी प्रतिफल दिनेमध्येको हुनेछ । तर, त्यसका लागि हामीले अहिले नै काम गर्नुपर्छ र यही साताको विश्व स्वास्थ्य सम्मेलन त्यही आरम्भ गर्ने स्थल हो ।

*(बेलायतका पूर्वप्रधानमन्त्री तथा शिक्षाका लागि सयुक्त राष्ट्रसघका विशेषदूत) - बाह्रखरी*

# अपाङ्गताका क्षेत्रमा के-के भयो ? अब के-के हुनुपर्छ ?



**नीरा अधिकारी**

अपाङ्गता शारीरिक, मानसिक र बौद्धिक रूपमा कुनै पनि व्यक्तिमा आएको क्षमताको ह्रास हो, जसले व्यक्तिलाई सामाजिक सहभागिताबाट वञ्चित गराउने र जीवनको गतिशीलतामा बाधा सृजना गर्ने गर्दछ । 'आपङ्गता भएका व्यक्ति' भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्दछ', (आपङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४) ।

यो सत्य हो कि आपङ्गता जन्मजात, उपचारको अभाव, लापरबाही एवं दुर्घटना जस्ता कारणबाट हुने गर्दछ । तर यसलाई आज पनि हाम्रो समाजमा पूर्वजन्मको फलका रूपमा लिने र विभेदको व्यवहार गर्ने मानिसहरूको जमात ठूलो नै छ । नेपालको जनगणना २०११ ले हाम्रो देशमा आपङ्गता भएका व्यक्तिहरूको संख्या जण्डै १.९४ प्रतिशत देखाएको थियो र अन्य निकायद्वारा गरिएका सर्वेक्षणहरूले यो संख्या ३ प्रतिशतभन्दा अधिक रहेको दाबी गरिरहेका छन् ।

अझ विश्व स्वास्थ्य संगठनले २०११ मा विकासोन्मुख मुलुकहरूमा आपङ्गता भएका व्यक्तिहरूको संख्या कुल जनसंख्याको १०-१५ प्रतिशत रहेको छ भनेका छन् । आशा गरौं, यो वर्ष भइरहेको जनगणना २०७८ ले आपङ्गता भएका व्यक्तिहरूको यथार्थपरक आँकडा ल्याउनेछ । किनकि लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा प्रवेश गरिसकेपछि यस क्षेत्रमा देखिएका अवसर र चुनौतीलाई यहाँ केलाउने प्रयास गरिन्छ ।

नेपालमा पहिलोपटक विसं २०३९ मा नै आपङ्ग संरक्षण तथा कल्याण ऐन जारी गरिए तापनि नियमावली भने एक दशकभन्दा पनि ढिलो गरी विसं २०५१ मा जारी भयो । यसले गर्दा प्रजातन्त्रको पुन:स्थापनापश्चात् मात्र ऐनका प्रावधानहरूले कार्यन्वयनको मौका पाए । यद्यपि यो ऐन र नियमावलीका प्रावधानहरू अधिकारमुखी अवधारणाबाट तयार नगरी कल्याणकारी बाटोबाट तयार गरिएका थिए । तर उक्त समयमा भएका नि:शुल्क शिक्षा, यातायातमा भाडा छुट, रोजगारीमा ५ प्रतिशत आरक्षण, आयकरमा छुट जस्ता कार्यहरू स्मरणीययोग्य उपलब्धि हुन् ।

नेपालको अन्तरिम संविधान २०६३ मा आपङ्गता आयोगको विषयलाई समेटिए तापनि यसले मूर्त रूप लिन सकेन । लोकतन्त्रको प्राप्तिसँगै नेपालले आपङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, २००६ को सदस्यता प्राप्त गर्न सफल भयो । यो नै नेपाली आपङ्गता भएका व्यक्तिहरूको लागि अतुलनीय अवसर हो । नेपालको संविधान २०७२ ले यस क्षेत्रमा छलाङ्ग मार्ला भन्ने सपना धेरै आपङ्गता अधिकारकर्मीहरूको थियो । तर आपङ्गता भएका व्यक्तिहरूको हकलाई संविधानमा छुट्टै स्थान भने मिल्न नसकेकै हो । आपङ्गता भएका व्यक्तिहरूको जीवन तब मात्र परिवर्तन हुन्छ, जब ऊ स्वयं न्यूनतम शिक्षा पाउने अवसरबाट चुक्दैन । परिवारमा सहयोगी वातावरण निर्माण हुन्छ र समाजमा अविभेदको वातावरण सृजना हुन्छ । तथापि आपङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्ने विषयमा संविधान समृद्ध रहेको छ भन्न सकिन्छ । मौलिक हकअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, जातीय विभेद तथा छुवाछूत विरुद्धको हक, शिक्षाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, लगायत हकहरूमा आपङ्गता भएका व्यक्तिहरूका निम्ति विशेष सम्बोधन गरिएको छ ।

नेपाललाई समावेशी बनाउने सिलसिलामा आपङ्गता भएका व्यक्तिहरूको पनि राजनीतिक सहभागिता सुनिश्चित गर्नका निम्ति धारा १७६ र धारा ८४ मा प्रतिनिधित्वको सुनिश्चितता गर्न खोजिएको छ । यो संविधान जारी हुनुपूर्व नै आपङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको नेपालले २००९ डिसेम्बरमा अनुमोदन गरिसकेको हुँदा यस क्षेत्रमा पनि सुधारात्मक र प्रवर्धनात्मक कार्य सुरुवात भइसकेको थियो ।

त्यसो त निजामती सेवा ऐनलाई संशोधन गरी २०६४ सालमा नै रोजगारीमा आपङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षण सिट तोकिएको छ । हाल यो आरक्षणको नीतिलाई सबै संघसंस्था सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यन्वयनका लागि बाध्यकारी बनाइएको छ । यसले गर्दा ९ सयभन्दा बढी आपङ्गता भएका व्यक्तिहरूले निजामती सेवामा प्रवेश गर्ने अवसरको सदुपयोग गरिसकेका छन् ।

तर दु:खको कुरा यो आरक्षण पनि अन्य आरक्षण जस्तै सामान्य आपङ्गता भएका व्यक्तिहरूको पोल्टामा परेको छ, अति अशक्त आपङ्गता भएका व्यक्तिहरूका निम्ति न अनुकूल पाठ्यक्रम, न उपयुक्त परीक्षा प्रणाली न पहुँचयुक्त वातावरण नै छ । तसर्थ त्यो आरक्षण पनि 'आकाशको फल आँखा तरी मर' भने जस्तै भएको छ । यस संविधानको कार्यान्वयन गर्ने क्रममा आपङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ र नियमावली २०७७ जारी भइसकेको छ । ऐनलाई अधिकारमा आधारित र विगतमा भन्दा पनि सबै किसिमका आपङ्गता भएका व्यक्तिहरूको दृष्टिकोणले समावेशी बनाउँदै राज्यको दायित्व र प्रदेश र स्थानीय तहका कामहरू समेत समेटिएको छ ।

महिला र बालबालिकाका निम्ति छुट्टै व्यवस्था दफामा नै गरिनु, आपङ्गता भएका महिलाहरूको प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि सम्बोधन गरिनु, सामाजिक सुरक्षा कार्यक्रम, आपङ्गता भएका व्यक्तिहरूको पुन:स्थापना लगायतका विषयमा सरकारलाई जवाफदेही बनाउने प्रयास गरेको छ । यो ऐनलाई कार्यान्वयन गर्ने उद्देश्यसहित २०७७ सालमा आपङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावली जारी भएको छ ।

यद्यपि नियमावलीमा कतिपय विषय छुटेका र स्पष्ट नभएको जनगुनासोलाई भने पुन: राज्यले सम्बोधन गर्नुपर्ने देखिन्छ । त्यसैगरी आपङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गर्नका लागि २०६२ मा दश वर्षका लागि कार्यान्वयनमा ल्याइएको नीति तथा कार्यक्रम पनि त्यति उपलब्धिमूलक बन्न सकेन । तथापि एक नीति तथा कार्यक्रमको अन्त्यसँगै अर्को नीति तथा कार्यक्रमले समयमै स्थान पाउनुपर्ने हो तर त्यसो हुन सकेन । अर्को सकारात्मक उपलब्धि आपङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा भत्तामा भएको क्रमश: वृद्धि हो ।

सामाजिक सुरक्षा भत्ता २०७७ साउनबाट पूर्ण आपङ्गता भएका व्यक्तिका लागि तीन हजार रुपैयाँ पुगिसकेको छ । यो भत्तालाई बैंक प्रणालीबाट वितरण गर्ने परिपाटीलाई पनि क्रमश: कार्यान्वयनमा लगिएको छ । स्मरणीय होस्, आपङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको भत्तामा सर्वोच्च अदालतले विसं २०६९ सालमा नै कि रोजगार कि मासिक पाँच हजार रुपैयाँ भत्ता प्रदान गर्न सरकारलाई परमादेश जारी गरेको थियो । त्यसैगरी नेपालमा २०५७-५८ सालबाट सञ्चालित समुदायमा आधारित पुन:स्थापना कार्यक्रम २०६७ देखि सबै जिल्लाहरूमा सञ्चालित थियो ।

उक्त कार्यक्रम संघीयताको स्थापनासँगै प्रदेशमार्फत हरेक स्थानीय तहमा पुगिसकेको छ । तर स्थानीय तहमा कार्यरत कर्मचारी र राजनीतिक प्रतिनिधिहरूलाई न यसको मोडालिटीबारे प्रशिक्षित गराइएको छ, न यसको मर्म बुझ्ने प्रयास नै भएको छ । कतिपय पालिकाहरूले त आपङ्गता परिचयपत्र वितरणको कार्यसमेत सुरु गरेका छैनन् । जुन कार्यक्रम महिला तथा बालबालिका कार्यालयको विगठनसँगै स्थानीय सरकारलाई सुम्पिइएको हो किनकि संविधानको अनुसूचीमार्फत आपङ्गता भएका व्यक्तिहरूको व्यवस्थापनको कार्यसमेत स्थानीय तहको भनी तोकिएको छ । त्यति मात्र होइन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आपङ्गता भएका व्यक्तिहरूको व्यवस्थापन र सशक्तीकरण गर्ने कार्यसमेत यसको दफा ११ मा उल्लेख गरिएबाट आपङ्गता अधिकारको संरक्षण र प्रवर्धन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको नै हो । त्यसैगरी अर्को महत्वपूर्ण विषय प्रदेशमा सञ्चालित पुन:स्थापना कार्यक्रम हो । यसमार्फत आपङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री उपलब्ध गराउने, सचेतना जगाउने र सशक्तीकरणका कार्यहरू रहेका छन् । यो कार्यक्रमसमेत सबै आपङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुग्न सकेको छैन । सहायक सामग्रीको अभावमा उनीहरू कष्टकर जीवन बिताउन बाध्य छन् र परिवारका सदस्यका निम्ति बोझ बनिरहेका छन् ।

वास्तवमा नीति नियमको तर्जुमा र कार्यान्वयन सँगसँगै आपङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गराउने पक्ष पनि महत्वपूर्ण हुन्छ । यसका लागि पर्याप्त सरकारी बजेट सेवा-सुविधामा सुधार पहुँचयुक्त भौतिक र सूचनाको विकास आदि जस्ता विषयमा ध्यान पुर्‍याउनु जरुरी हुन्छ । तर हाल आएर यस्ता विषयहरू ओझेलमा परेको अनुभूति हुनु र आजको समावेशी संरचनामा समेत यो विषय आम सरोकारको विषय नबन्नु दु:खको कुरा हो । आपङ्गता भएका व्यक्तिहरूको जीवन तब मात्र परिवर्तन हुन्छ जब ऊ स्वयं न्यूनतम शिक्षा पाउने अवसरबाट चुक्दैन । परिवारमा सहयोगी वातावरण निर्माण हुन्छ र समाजमा अविभेदको वातावरण श्रीजना हुन्छ । यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको जरुरी छ ।

आपङ्गता भएका व्यक्तिहरूको विविधता र आवश्यकता सम्बोधन हुनेगरी पर्याप्त स्रोतको विनियोजन गरी नीति तथा कार्यक्रम अर्थात् दीर्घकालीन योजना तर्जुमा गर्नुपर्दछ । सरकार आज दिगो विकास लक्ष्यको कार्यान्वयनका क्रममा व्यस्त रहेको छ । दिगो विकास लक्ष्यका सूचकहरूलाई आपङ्गता अनुकूल बनाउनुपर्दछ । सरकारी क्षेत्रमा मात्र होइन, निजी क्षेत्रमा समेत रोजगारी सृजना गरी यसलाई वास्तविक आपङ्गता भएका व्यक्तिबीच पुर्‍याउनु जरुरी छ । साथै आपङ्गता भएका व्यक्तिहरूलाई क्षमतावान् र प्रतिस्पर्धी बनाउन सीप विकास, नेतृत्व तथा व्यक्तित्व विकास, सकारात्मक सोचका लागि परामर्श सेवा जस्ता कार्यक्रमहरूलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्नु जरुरी छ ।

त्यसैगरी रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम र अन्य सामाजिक सञ्जालमार्फत अभिभावक समाज र आपङ्गता भएका व्यक्तिहरू स्वयंलाई सचेतना जगाउनु वाञ्छनीय छ । यसका लागि सरकारसँगै आपङ्गता अधिकारकर्मीहरू सहर केन्द्रित नभई गाउँगाउँसम्म पुग्नुपर्दछ र चेतनाको बीउ सबै वर्ग र क्षेत्रमा पुर्‍याइ कानुनको कार्यान्वयनमा योगदान गर्न सक्नुपर्छ । यसरी नेपालको संविधान र कानुनले प्रदान गरेको अवसरलाई सबै आपङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन सकेमा चुनौतीलाई पन्छाएर समतामूलक समावेशी समाजको निर्माण गर्न सकिन्छ ।

-इकागज

# दैनिक दुई लाखलाई कोरोना विरुद्ध खोप



काठमाडौँ (रासस)/ सरकारले कोरोना भाइरस विरुद्धको खोप दैनिक दुई लाख जनालाई लगाउने गरी तयारी पूरा गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित खोप आउन थालेपछि खोप आवश्यक पर्ने सबैलाई लगाउने जनाएको छ ।

यसका लागि दैनिक दुई लाख जनालाई दैनिक खोप लगाउन आवश्यक खोप, खोपकेन्द्र र जनशक्तिको व्यवस्था गरिसकेको छ । यही मंसिर १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले सबै नागरिकलाई नि:शुल्क रुपमा कोभिड-१९ खोप उपलब्ध गराउने निर्णय गरको थियो ।

मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले दैनिक दुई लाख सर्वसाधारणलाई खोप लगाउने गरि सबै तयारी पूरा गरिएको बताए । "अहिले पनि करिव दुई लाख जनाको हाराहारीमा खोप लगाइरहेका छौँ", उनले भने, "खोप लगाउन आएका कोहीलाई पनि खोप नलगाकन फर्काएका छैनौँ । खोपकेन्द्रमा आएका छन् सबैलाई खोप लगाएका छौँ ।"

उनका अनुसार मन्त्रालयले जनताको घरदैलोसम्म खोप पुऱ्याउनका लागि सम्बन्धित जिल्लाका खोप केन्द्रलाई निर्देशन दिइसकेको छ । "हामीसँग प्रशस्त मात्रामा खोप रहेको छ । अहिले पनि नियमित खोप आइरहेका छन्", सहप्रवक्ता डा अधिकारीले भने, "खोप लगाउन कोही पनि नछुटुन भनेर जनताको घरदैलोसम्म खोप लगाउने अभियान सञ्चालन गर्नसम्बन्धी जिल्लाका खोप केन्द्रलाई निर्देशन दिइसकेका छौँ ।"

उनले सर्वसाधारणमा कोभिड-१९ विरुद्धको खोप पुऱ्याउनका लागि नियमित सञ्चालन हुने खोप केन्द्रबाट नै खोप लगाइने बताए । उनले स्वास्थ्यकर्मी, कर्मचारी र अग्रपंक्तिमा काम गर्नेले खोप लगाइसकेको भन्दै अब स्थानीय तहमा पुगेर नै खोप लगाउन छुटेका व्यक्तिलाई खोप लगाइने जानकारी दिए । उनका अनुसार अहिलेसम्म नेपालमा दुई करोड ७३ लाख ५६ हजार ५३० मात्रा खोप आइसकेको छ । तीन करोड ५० लाख खोप आउने क्रममा छ ।

अहिलेसम्म एक करोड ८८ लाख ६२ हजार २१६ जनाले खोप लगाइसकेका छन् । तीमध्ये एक करोड दुई लाख ४८ हजार ३६९ पहिलो मात्रा र ८६ लाख १३ हजार ८४७ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन् । कूल जनसंख्यामध्ये ३३.७ प्रतिशतले पहिलो मात्रा र २८.४ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेका छन् ।

सरकारले पुस मसान्तभित्र कूल लक्षितको दुई तिहाई र चैतमसान्तसम्म लक्षित सबै नागरिकलाई खोप लगाउने लक्ष्य लिएको छ । सरकारले खरिद गरेर र कोभ्याक्स सुविधामार्फत दैनिक खोप ल्याइरहेको छ । हिजो मात्र मंसिर १७ गते एक लाख ७५ हजार ५६७ जनाले खोप लगाएका थिए । यस्तै मंसिर १० गते एक लाख ९६ हजार ८५३ जनाले मंसिर ११ गते एक लाख १५ हजार ४३४, मंसिर १२ गते एक लाख २७ हजार ६११ जनाले, मंसिर १३ गते एक लाख ४४ हजार ५३४ जनाले, मंसिर १४ गते दुई लाख ११ हजार ५५३ जनाले, मंसिर १५ गते दुई लाख २७ हजार ५८४ जनाले र मंसिर १६ गते एक लाख ४१ हजार ५५७ जनाले खोप लगाइसकेका छन् ।

काठमाडौँ जिल्ला स्वास्थ्य कार्यालयले नौ वटा खोप केन्द्रबाट खोप वितरण गरेको छ । कार्यालयका प्रमुख शम्भु काफ्लेका अनुसार वीरेन्द्र सैनिक अस्पताल, नेपाल प्रहरी अस्पताल, सशस्त्र प्रहरी अस्पताल, वीर अस्पताल, सिभिल अस्पताल, कलंकीस्थित सहिद मेमोरियल अस्पताल, बल्खुको वयोधा अस्पताल, नयाँ बसपार्कको लोत्से भवन र कोटेश्वरको जडीबुटीबाट नियमित खोप वितरण गरिरहेको छ । ती केन्द्रबाट दैनिक दुई हजार ५०० जनाले खोप लगाइरहेका छन् ।

उनले १८ वर्ष भन्दामाथिका व्यक्तिलाई खोप अभाव नभएको र जुनसुकै बेला पनि ती खोप केन्द्रमा खोप लगाउन पाइने बताए । उनले नगरपालिकाले आवश्यकताअनुसार खोप प्रदान गरिरहेको जानकारी दिए ।

**मोडर्ना र फाइजर चाँडै आउँदै**

सरकारले बालबालिका खोप लगाउनका लागि मोडर्ना र फाइजर ल्याउने अन्तिम तयारीमा गरेको छ । फाइजर खोप एक लाख मात्रा आइसकेको छ । यही पुस १५ गतेभित्र मोडर्ना र फाइजर खोप ल्याउने मन्त्रालयको तयारी रहेको छ । मोडर्ना ७७ लाख र फाइजर ६० लाख ल्याउनका लागि सबै प्रक्रिया पूरा गरिएको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले जानकारी दिए ।

सरकारले कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण देखिएका अफ्रिकासहितका नौ मुलुकबाट आउने यात्रुलाई शनिबारदेखि नै नेपाल प्रवेशमा अनुमति नदिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को यही मंसिर १३ को बैठकले दक्षिण अफ्रिका, बोत्सवाना, जिम्वाब्वे, नामिबीया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउनेलाई प्रवेश अनुमति नदिने निर्णय गरेको हो । भारतमा हिजो मात्र ओमिक्रोन भेरियन्ट फेला परेको छ ।

# २३ बैंकले गरे लाभांश घोषणा : कसको कति ?

काठमाडौँ (रासस)/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत २६ वाणिज्य बैंकमध्ये हालसम्म २३ बैंकले गत आर्थिक वर्षको नाफाबाट लगानीकर्तालाई लाभांश दिने घोषणा गरेका छन् ।

बैंकहरुले गत आवको वितरण योग्य नाफाबाट नगद तथा बोनस शेयरका लाभांश दिने घोषणा गरेका हुन् । लाभांश घोषणा गरेका बैंकमध्ये केहीका साधारणसभा सम्पन्न भएर लाभांश वितरणको निर्णयसमेत पारित भइसकेका छन भने केही बैंक साधारणसभाको तयारीमा छन् ।

सार्वजनिक पछिल्लो तथ्यांकानुसार नबिल बैंकले सबैभन्दा धेरै लाभांश वितरण गर्ने जनाएको छ । नबिलले ३३ दशमलव छ प्रतिशत बोनस शेयर तथा चार दशमलव चार प्रतिशत नगद गरी कूल ३८ प्रतिशत लाभांश वितरण गर्ने भएको छ ।

गत आवको वितरण योग्य नाफाका आधारमा नेपाल एसबिआइ बैंकले सबैभन्दा कम तीन दशमलव पाँच प्रतिशत बोनस शेयर र एक दशमलव ८१ प्रतिशत नगद गरी जम्मा पाँच दशमलव ३१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ ।

त्यस्तै हिमालयन बैंकले आफ्ना लगानीकर्तालाई २१ दशमलव ३८ प्रतिशत बोनस शेयर तथा चार दशमलव ६२ प्रतिशत नगद गरेर २६ प्रतिशत लाभांश दिने भएको छ ।

सानिमा बैंकले १७ प्रतिशत बोनस तथा शून्य दशमलव ८९४७ प्रतिशत नगदसहित १७ दशमलव ८९४७, नेपाल बैंकले १४ प्रतिशत बोनस तथा तीन प्रतिशत नगदसहित १७ प्रतिशत, प्राइम कमर्सियल बैंकले १६ प्रतिशत बोनस तथा शून्य दशमलव ६३१३ प्रतिशत नगद गरी कूल १६ दशमलव ६३१३ प्रतिशत लाभांश दिने घोषणा गरेका छन । नेपाल इन्भेस्टमेन्ट बैंकले १२ दशमलव ६११ प्रतिशत बोनस तथा तीन दशमलव ३८९ प्रतिशत नगदसहित १६ प्रतिशत, सिटिजन्स बैंकले १२ दशमलव ९१३ बोनस तथा तीन दशमलव शून्य ८७ प्रतिशत नगद गरेर १६ प्रतिशत लाभांश वितरण गर्ने बताएका छन ।

लाभांश घोषणा गरेको एनएमबी बैंकले आफ्ना शेयर धनीलाई १२ दशमलव पाँच प्रतिशत बोनस शेयर तथा तीन दशमलव तीन प्रतिशत नगदसहित १५ दशमलव आठ प्रतिशत, एनआईसी एसिया बैंकले १५ प्रतिशत बोनस र शून्य दशमलव ७८९५ प्रतिशत नगद गरी १५ दशमलव ७८९५, नेपाल बंगलादेश बैंकले १२ प्रतिशत बोनस र तीन दशमलव पाँच प्रतिशत नगद, सिद्धार्थ बैंकले १४ दशमलव २५ बोनस र शून्य दशमलव ७५ प्रतिशत नगदसहित १५ प्रतिशत, माच्छापुच्छ्रे बैंकले १३ दशमलव तीन बोनस तथा शून्य दशमलव सात प्रतिशत नगदसहित १४ प्रतिशत , बैंक अफ काठमाडौँले १० प्रतिशत बोनस र चार प्रतिशत नगद गरी १४ प्रतिशत, ग्लोबल आइएमइ बैंकले १० प्रतिशत बोनस तथा तीन दशमलव पाँच प्रतिशत नगदसहित १३ दशमलव पाँच प्रतिशत, स्ट्याण्डर्ड चार्टड बैंकले दश प्रतिशत बोनस तथा तीन दशमलव शून्य छ प्रतिशत नगद गरी १३ दशमलव शून्य छ प्रतिशन लाभांश वितरण गर्ने घोषणा गरेका छन् ।

प्रभु बैंकको सञ्चालक समिति बैठकले आफ्ना शेयर धनीलाई १२ प्रतिशत बोनस शेयर र शून्य दशमलव ६३ प्रतिशत नगदसहित १२ दशमलव ६३ प्रतिशत लाभांश दिने भएको छ ।

१० प्रतिशत बोनस तथा दुई दशमलव शून्य सात नगदसहित १२ दशमलव शून्य सात प्रतिशत मेगा बैंकले आफ्ना शेयरधनीलाई दिने भएको छ भने लक्ष्मी बैंकले आठ प्रतिशत बोनस तथा तीन दशमलव पाँच नगद गरेर ११ दशमलव पाँच प्रतिशत, एभरेष्ट बैंकले छ प्रतिशत बोनस शेयर र चार दशमलव ३२ प्रतिशत नगद, कुमारी बैंकले छ प्रतिशत बोनस तथा दुई दशमलव ६७ प्रतिशत नगद, नेपाल क्रेडिट एण्ड कमर्स बैंक (एनसिसि)ले आठ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४२ प्रतिशत नगद र सनराईज बैंकले छ दशमलव ६५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३५ प्रतिशत नगदसहित सात प्रतिशत लाभांश वितरण गर्ने बताएको छ ।

अब शेयरधनीलाई लाभांश वितरणको घोषणा गर्न बाँकी रहेका बैंकमा सेञ्चुरी बैंक, सिभिल बैंक र कृषि विकास बैंक छन् । घोषणा भएका लाभांश नियामकको अनुमति र साधारणसभाबाट पारित भएपछि मात्रै शेयरधनीले प्राप्त गर्छन् । लाभांश घोषणा गरेकामध्य १४ बैंकले साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (बुक क्लोज)को समय तोकेकामा ११ बैंकको बुक क्लोज भइसकेको छ ।

बुक क्लोजको दिनसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुन्छन् । घोषित लाभांशमध्ये नगद लगानीकर्ताले उपलब्ध गराएको बैंक खातामा र बोनस शेयर डिम्याट खातामा सोझै जम्मा हुने व्यवस्था छ ।

## छात्रवृत्ति तथा सहयोग सामग्री प्रदान

पोखरा (रासस)/ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा कास्कीको रुपा गाउँपालिकामा छात्रवृत्ति र सहयोगी सामग्री वितरण गरिएको छ ।

पोखरा-१५ नयाँ गाउँमा रहेको सगोल कास्कीले अपाङ्गता भएका १६ छात्रा र १४ छात्रलाई झोला, कापी, कलम, विद्यालय पोशाक र फेस मास्क सहयोग प्रदान गरेको हो । सस्थाका सिबिआर अधिकृत विमला केसीले छात्रबृत्ति प्राप्त गरेका सबै विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट पोशाक सिलाइका लागि ५०० प्रदान गरिएको छ ।

त्यस्तै अपाङ्गता भएका १५ जना नागरिकका लागि आवश्यकता अनुसारका सहयोगी सामग्री प्रदान गरिएको छ । अपाङ्गताको प्रकृतिअनुसार ट्वाइलेट चियर, सेतोछडी, लठ्ठी र वैशाखी प्रदान गरिएको उनले जानकारी दिए ।

कार्यक्रममा रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले अपाङ्गता भएका व्यक्तिलाई आर्थिकरुपमा सवल र आत्मनिर्भर बनाउन गाउँपालिकाले गरिरहेको प्रयासमा विभिन्न संघसंस्थाको पनि उत्तिकै सहयोग मिलेको बताए ।

गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको आयआर्जनका लागि बाखापालन, मौरीपालन, कुखुरापालनलगायत बेलाबेलामा विभिन्न सीपमूलक तालीमसमेत आयोजना गर्दै आएको छ । गाउँपालिकाकी उपप्रमुख लालसुवा गुरुङले अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै सहकारी स्थापना गरी आर्थिक उन्नति र विकासमा ध्यान दिइएको जानकारी दिए । सो अवसरमा रुपा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले सार्वजनिकस्थलको भौतिक पूर्वाधार निर्माणका क्रममा अपाङ्गमैत्री संरचना निर्माणमा गाउँपालिकाले जोड दिएको जानकारी दिए ।

# 'पुनर्निर्माणबाट उत्थानशीलतातर्फ'




काठमाडौँ (रासस)/ भूकम्पपछिको पुन:निर्माणका क्रममा नेपालले प्राप्त गरेको अनुभव र सिकाइका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउन आयोजना गर्न लागिएको सम्मेलनमा धेरै सहभागी जुममै जोडिने भएका छन् ।

कोरोना भाइरसको नयाँ स्वरुप ओमिक्रोनका कारण भौतिक रुपमा सहभागी हुनेको संख्या घट्न थालेको सम्मेलन आयोजक समितिका संयोजक एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठले जानकारी दिए ।

"यसअघि विभिन्न देशबाट सम्मेलनमा सहभागी हुन आउने भनी निश्चित भएकाको संख्या ५० थियो, अहिले घटेर १० मा आएको छ, कोरोना भाइरसको नयाँ स्वरुप ओमिक्रोनका कारण भौतिक रुपमा सहभागी हुने घट्दै छन्, भौतिक रुपमा सहभागी हुन नसकेपनि ती सबै विज्ञ जुम माध्यमबाट सहभागी हुनेछन्, जुमबाट २०० विदेशी विज्ञ सहभागी हुने निश्चित भएको छ" उनले भने ।

नेपालस्थित विभिन्न देशका नियोगमा कार्यरत १०० जना विदेशी नागरिक भने भौतिक रुपमै सम्मेलनमा सहभागी हुने भएका छन् । सम्मेलनमा उद्घाटन र समापनसहित २० वटा सत्र रहनेछ । जसमा विषय विज्ञका कार्यपत्रसहित सहभागीको टिप्पणी समावेश गरिनेछ ।

सम्मेलनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको प्राधिकरणले जनाएको छ । प्राधिकरणको आयोजनामा यही मंसिर २१ गतेदेखि २३ गतेसम्म काठमाडौँको हायात होटलमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न लागिएको हो । 'पुनर्निर्माणबाट उत्थानशीलतातर्फ' भन्ने नाराका साथ आयोजना गरिने सम्मेलनमा निजी आवास, सांस्कृतिक सम्पदा, सार्वजनिक पूर्वाधार पुन: निर्माण, जीविकोपार्जन तथा आर्थिक पुनर्स्थापना र सुशासनका विभिन्न पक्षमा गरिएका अनुसन्धानमूलक प्रस्तुतिका साथै विषयगत गोष्ठीसमेत आयोजना गरिनेछ ।

सम्मेलनलाई लक्षित गरी वेबसाइट www.icnr.nra.gov.np ठेगाना निर्माण गरिएको छ । वेबसाइटमा सम्मेलनसम्बन्धी सूचना राखिएको छ । भूकम्पपछि २०७२ साल असार १० गते पुन:निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन आयोजना गरिएको सम्मेलनकै जस्तो सहभागिता यसपटक पनि जुटाउने तयारी भएपनि ओमिक्रोनका कारण केही प्रभावित हुने भएको छ ।

सम्मेलनले नेपाललाई सन् २०३० सम्ममा विपद् जोखिम मुक्त देशका रुपमा स्थापित गर्ने लक्ष्यलाई पूरा गर्न सहयोग गर्ने विश्वास गरिएको छ । प्राधिकरणले भूकम्पपछिको पुन:निर्माणका अनुभव र सिकाइ भावी पुस्तालाई हस्तान्तरण गर्न अभिलेखीकराणको कामसमेत गरेको छ । सम्मेलन सफल बनाउन प्राधिकरणले ध्यान केन्द्रित गरेको जनाएको छ । आगामी पुस ९ गते छ वर्षे कार्यकाल सक्न लागेको प्राधिकरणले पुन:निर्माणका बाँकी काम विषयगत कार्यालयलाई हस्तान्तरण गरिसकेको छ । प्राधिकरणले नै गरिरहेका केही काम भने त्यस अवधिमै सक्ने गरी तयारी भएपनि त्यो सम्भव नहुने देखिएको छ । प्राधिकरणले अहिले लेखापरीक्षणको काम समेत गराइरहेको जनाइएको छ ।

सम्मेलनमा राजनीतिक दल, सञ्चारकर्मी र दातृ निकायले भूकम्पपछिको पुन:निर्माणलाई कसरी हेरेका छन् भनी छुट्टाछुट्टै सत्र राख्न लागिएको छ । सम्मेलनमा विषय विज्ञ, स्वदेशी तथा विदेशी पाहुना एवं विभिन्न संघ संस्थालाई आमन्त्रण गरिएको छ । सम्मेलनमा प्राधिकरणले गरेका कामका विषयमा पनि छुट्टै सत्रको आयोजना गरिएको छ ।

सम्मेलनले नेपाललाई विश्वमा प्रवर्द्धन गर्नसमेत सहयोग गर्ने आशा गरिएको छ । सम्मेलनलाई लक्षित गरी सार्वजनिक गरिएको वेबसाइटमा कार्यक्रम सम्बन्धी महत्वपूर्ण सूचना एवं गतिविधि समावेश गरिएको प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेले जानकारी दिए । प्राधिकरणले सम्मेलनमा सहभागी हुन इच्छुकलाई नयाँ वेबसाइटमा गई अनलाइन माध्यमबाट नाम दर्ता गर्न अनुरोध गरेको छ । विसं २०७२ वैशाख १२ र २९ गतेको भूकम्प र त्यसपछिका परकम्पका कारण भत्केका संरचना पुन:निर्माणका लागि त्यसै वर्ष पुस १० गते प्राधिकरण स्थापना भएको हो । स्थापनाअघि विसं २०७२ असार १० गते सहयोग जुटाउन आयोजना गरिएको सम्मेलनमा चार खर्ब १० अर्ब वैदेशिक सहयोगको प्रतिबद्धता भएको थियो ।

राहत तथा उद्धारमा खर्च भएको र अन्य पूर्वाधारमा गरिएको लगानी घटाउँदा पुन:निर्माणका लागि वास्तविक प्रतिबद्धता रकम तीन खर्ब २१ अर्ब रहेको प्राधिकरणले जनाएको छ । यसमध्ये तीन खर्ब १३ अर्बको सम्झौता भइसकेको छ । यो कुल वास्तविक प्रतिबद्धता रकमको ९७.५ प्रतिशत हो ।

प्राधिकरणमार्फत् हालसम्म सात लाख ५९ हजार ७१० घर पुन:निर्माणको चरणमा रहेको छ । आठ लाख ६६ हजार २०७ जना भूकम्प पीडित प्राधिकरणको लाभग्राही सूचीमा छन् । आठ लाख २७ हजार ३४० जना पीडितले घर पुन:निर्माणका लागि सम्झौता गरिसकेका छन् । लाभग्राही सूचीमा परेकाले भूकम्प प्रतिरोधी घर पुन:निर्माणका लागि अनुदानस्वरुप तीन लाख तीन किस्तामा पाउँछन् ।

# चितवनलाई यातायात सेवाको हब बनाइन्छ : अध्यक्ष दाहाल

चितवन (रासस)/ नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले चितवनलाई यातायात सेवाको हबका रुपमा विकास गरिने बताएका छन् । यातायात व्यवस्था सेवा कार्यालयले सुरुआत गरेको सवारी दर्ता र सवारी चालक अनुमतिपत्र नवीकरण कार्यक्रम शनिबार शुभारम्भ गर्दै उनले जिल्लावासीले अब सहजै सेवा पाउने बताए ।

जिल्लावासी यातायातसँग सम्बन्धित कामका लागि टाढा जानु नपर्नेमा जोड दिँदै उनले भने, "यो क्षेत्रलाई नेपालकै ठूलो यातायात सेवाको हब बनाइने छ ।" यातायात कार्यालयका लागि जग्गा र पूर्वाधार निर्माणका लागि पहल गरिने उनको भनाइ थियो । चितवन क्षेत्र नम्बर ३ का सांसदसमेत रहेका पूर्वप्रधानमन्त्री प्रचण्डले धेरै प्रयासपछि यो सेवा शुभारम्भ भएकामा खुशी व्यक्त गरे ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले यातायात कार्यालयका लागि जग्गा उपलब्ध गराउन र संरचना निर्माणका लागि आवश्यक बजेट व्यवस्थाका लागि पहल गरिदिन आग्रह गरे । उनले आफू महानगर प्रमुख भएदेखि नै गरिएको पहल आज सार्थक भएको छ भने । नेपाल यातायात व्यवसायी महासंघका उपाध्यक्ष राम सुवेदीले जग्गा प्राप्ति, बजेट, दरबन्दीजस्ता अत्यावश्यक कामका लागि अध्यक्ष प्रचण्ड र महानगरप्रमुख दाहालसँग अनुरोध गरे । कार्यालयका प्रमुख विनोद पौडेलका अनुसार एम्बुलेन्सको सवारी दर्ता प्रमाणपत्र र नवीकरण गरिएको सवारी चालक अनुमतिपत्र हस्तान्तरण गरेर कार्यक्रम शुभारम्भ गरिएको थियो ।

उनले हाल स्मार्ट लाइसेन्स वितरण गर्न थालिएको र छिट्टै पुराना सवारी चालक अनुमतिपत्रको पनि नवीकरण गरिने बताए । अहिले प्राविधिक समस्याका कारण स्मार्ट लाइसेन्स मात्रै नवीकरण थालिएको र आउँदो तीन/चार महिना भित्रमा नयाँ लाइसेन्ससमेत जारी गर्ने तयारी भइरहेको कार्यालय प्रमुख पौडेलले जानकारी दिए ।

चितवनमा विसं २०५१ देखि पटके कार्यालयको रुपमा यातायात सेवा कार्यालय स्थापना भएको थियो । त्यतिबेला अस्थायी रुट इजाजत मात्रै दिने गरिएको र त्यसका लागि सातामा एक दिन मात्रै वीरगंजबाट एक अधिकृत र एक मेकानिकल सुपरभाइजर आएर जाँचपास गर्ने व्यवस्था हुँदै आएको थियो । विसं २०६२ मा सेवा विस्तार भएर वीरगञ्ज कार्यालयको शाखाको रुपमा स्थापित यस कार्यालयबाट बाटो इजाजत, नियमित जाँचपास, कर, जरिवाना, अस्थायी रुट इजाजत सम्बन्धी काम थपिएको थियो । विसं २०७१ साउन ३० गतेबाट स्थायी कर्मचारीको दर बन्दीसहित कार्यालयको कामलाई चुस्तदुरुस्त बनाउने प्रयास थालिएको थियो । विसं २०७५ देखि संघीयता लागू भएपछि वाग्मती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेर कार्यालय सञ्चालनलाई अघि बढाइयो ।

त्यतिबेलासम्म सवारी साधनको बिलबुक नवीकरण र कर तिर्ने, रुट इजाजत लिनेलगायत सेवा सञ्चालन भएको थियो । विसं २०७७ वैशाख ६ गते सवारी साधन दर्तासमेत विस्तार गर्ने निर्णयबमोजिम विसं २०७८ साउन २८ गतेबाट सवारी साधन दर्ताको प्रक्रिया सुरु भएको छ ।

भदौ ३ गते सवारी चालक अनुमतिपत्र दिने गरी मन्त्रालयले आदेश दिएको थियो । त्यसपश्चात् यही मंसिर ५ गतेबाट सवारी चालक अनुमतिपत्र नवीकरण परीक्षणको रुपमा सुरुवात गरिएकामा आजदेखि औपचारिक रुपमै सवारी चालक अनुमति पत्र नविकरण सुरुआत गर्न लागिएको हो ।

## शान्ति सेना २८ औँ डफ्फाको पहिलो टोली कङ्गो प्रस्थान



काठमाडौँ (रासस)/ संयुक्त राष्ट्रसंघको आह्वाननमा शान्ति स्थापनाका सिलसिलामा अफ्रिकी मुलुक कङ्गोमा तैनाथ हुन २८ औँ डफ्फाको पहिलो टोली शुक्रबार त्यसतर्फ प्रस्थान गरेको छ ।

त्यहाँ तैनाथ भवानीदल गण २७ औँ डफ्फालाई बदली गर्न फष्ट रैफल गण २८ औँ डफ्फाको शान्ति सेनाको पहिलो टोली प्रस्थान गरेको हो । प्रमुख सेनानी वसन्तबहादुर गौतमको नेतृत्वमा २१९ शान्ति सैनिक मिशन ईलाका प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सेनाले छ दशकदेखि संयुक्त राष्ट्रसंघका विभिन्न मिसनमा सहभागी भई द्वन्दग्रस्त मुलुकमा शान्ति स्थापना कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । कोभिड-१९ संक्रमणबीच सम्पूर्ण स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर शान्ति स्थापना कार्यलाई निरन्तरता दिने नीति अनुरुप अदली बदलीको व्यवस्थापन गरिएको सेनाले जानकारी दिएको छ ।

## बसले ठक्कर दिँदा एकको मृत्यु




पर्वत (रासस)/ पर्वतको कुश्मा नगरपालिका-८ चुवाको पराधिमा शनिबार बिहान बसले ट्र्याक्टरलाई ठक्कर दिँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ ।

पोखराबाट पर्वततर्फ आउँदै गरेको ग१ज ००९८ नम्बरको बसले सोही दिशाबाट आउँदै गरेको को२त ६४२७ नम्वरको ट्र्याक्टरलाई ठक्कर दिँदा उदयपुरको चौवन्दी गाउँपालिकाका १८ वर्षीय विशाल लामिछानेको घटनास्थलमै मृत्यु भएको हो । ट्र्याक्टरमा मध्यपहाडी लोकमार्गका मजदुर सवार थिए । उनीहरूमध्ये पाँच जना गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिए । उनका अनुसार १४ जना सामान्य घाइते भएका छन् । घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल पर्वत र गम्भीर घाइतेलाई पोखरा पठाइएको छ । बस र चालक प्रहरीको नियन्त्रणमा रहेका छन् । घटनाको थप अनुसन्धान भइरहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



मदन भण्डारी मार्गअन्तर्गत मकवानपुरको बकैया गाउँपालिकामा पर्ने श्रीपुरडाँडामा सडक स्ल्याब गरिँदै । धरान-चतरा-हेटौंडा सडकखण्ड भनेर परिचित यस मार्गअन्तर्गत श्रीपुरडाँडाको करिब १ किलोमिटर सडक पक्कि नहुँदा स्थानीयले सास्ती पाउँदै आएका थिए । वर्खामा यहाँ सडक सञ्चालनसमेत अवरुद्ध हुने गरेको थियो । *तस्वीरः साझाकुरा*

## अन्तरपालिका फुटबल प्रतियोगिता

# हेटौंडाको विजयी सुरुवात

साझाकुरा संवाददाता



हेटौंडा/शनिबारबाट हेटौंडामा सुरु भएको अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाले विजयी सुरुवात गरेको छ ।

उद्घाटन खेलमा हेटौंडा उपमहानगरपालिकाले मनहरी गाउँपालिकालाई सडेन डेथमा २-१ गोलले हराउँदै विजयी सुरुवात गरेको हो । खेलको निर्धारित समय १-१ गोलको बराबरीमा र ट्राईब्रेकरमा ३-३ गोलको बराबरीपछि खेलको नजिता सडेन डेथबाट गरिएको थियो । हारसँग प्रतियोगिताबाट बाहिरिएको छ ।

प्रतियोगितामा मकवानपुरका १० वटै पालिकाको फुटबल टिमको सहभागिता रहेको छ । नकआउट प्रणालीमा भएको प्रतियोगिता मंसिर २५ गतेसम्म हुनेछ ।

प्रतियोगिताको विजेता तथा उपविजेताले क्रमशः २ लाख र १ लाख रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५ हजार रुपैयाँ तथा विधागत अन्य उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले जनही ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सानु लामाको अध्यक्षतामा कार्यक्रम भएको हो । जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा हेटौंडा-४ स्थित हुप्रा चौरमा सुरु भएको प्रतियोगिताको उद्घाटन जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालले गरेका हुन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख भगवती पुडासैनी, बागमती प्रदेश युवा परिषदका कार्याकारी उपाध्यक्ष सन्तोष चौलागाई, मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती, हेटौंडा-४ का वडाध्यक्ष नविन सिग्देल, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिका लामा लगायतको आतिथ्यता रहको थियो ।

## नारायणी सहकारीमा गुरुङको नेतृत्व



हेटौंडा/हेटौंडा-९ स्थित नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा जंगबहादुर गुरुङ सर्वसम्मत अध्यक्ष चयन भएका छन् ।

अध्यक्ष गुरुङको नेतृत्वमा सचिवमा नारायणप्रसाद खतिवडा, सहसचिवमा ज्ञानेन्द्र अधिकारी, लेखा समिति संयोजकमा धर्म मिश्र, सदस्यमा प्रेमप्रसाद बोलखे र कृष्ण प्रसाद ढकाल सर्वसम्मत निर्वाचित भएका हुन् । उपाध्यक्ष र सदस्य पदमा भने निर्वाचन भएको छ ।

सहकारी सञ्चालक समितिको उपाध्यक्षमा केशवप्रसाद न्यौपाने र रामचन्द्र ढकालको उम्मेदवारी परेको थियो भने सदस्यमा खुलातर्फ ७ जनाका लागि १३ जनाको उम्मेदवारी परेको छ । यस्तै महिलातर्फ २ जनाका लागि ५ जनाको उम्मेदवारी बीच निर्वाचन प्रक्रिया भएको थियो ।

## बागमतीमा १४ मन्त्रालय बनाउँदा डोरमणिलाई ‘चोट’



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशमा १४ वटा मन्त्रालय बनाएर प्रदेश सरकारलाई आर्थिकरुपमा ठूलो व्ययभार थप्न खोजिएको भन्दै पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले विछिप्त बनेको प्रतिक्रिया दिएका छन् ।

मुख्यमन्त्री राजेन्द्र पाण्डेले गठबन्धनमा भागबण्डा मिलाउन १४ वटा मन्त्रालय बनाएर सरकार विस्तारको तयारी गरेको समाचार बाहिरिएपछि पूर्वमुख्यमन्त्री पौडेलले शनिवार आफ्नो आधिकारिक फेसबुकमा स्ट्याटस लेखेर विरोध गरेका छन् । पौडेलले सरकार विस्तारको विरोधसँगै आफ्नो कार्यकालमा के-के गरेँ भनेर प्रचार पनि गरेका छन् ।

बागमतीमा १५ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले कार्यविभाजन नियमावली परिवर्तन गर्दै प्रदेशमा १४ वटा मन्त्रालय बनाउने निर्णय गरेको थियो । सोही निर्णय अनुसार एउटै मन्त्रालयलाई तीन वटासम्म विभाजन गरिएको छ । पूर्वमुख्यमन्त्री पौडेलको पालामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशमा ७ वटा मात्रै मन्त्रालय थिए । पौडेलपछि सरकारको नेतृत्व गरेकी अष्टलक्ष्मी शाक्यले ७ बाट ८ वटा मन्त्रालय बनाएकी थिइन् ।

पूर्वमुख्यमन्त्री पौडेलले धेरै साथीहरुको मन्त्री बन्ने चाहना हुँदाहुँदै पनि गरिब अनि विपन्न नागरिकहरुले गाँस काटेर तिरेको करको दोहन गर्ने गरी जम्बो मन्त्रिपरिषद् बनाउनु हुँदैन भन्दै साँढे तीन वर्षसम्म जम्मा ७ सदस्यीय मन्त्रिमण्डलले विकासका हरेक आधारहरु तयार बनाएको बताए ।

‘तर आज, १४ महिनाको सरकारले १४ वटा नै मन्त्रालय अनि अझै कति हो कति मन्त्री, राज्यमन्त्री, अनि सहायकमन्त्रीहरु थपेर प्रदेश सरकारलाई आर्थिकरुपमा ठूलो व्ययभार थपेर अगाडि बढ्दै गरेको देखेर साच्चै नै विछिप्त भएको छु ?’ उनले भनेका छन् । प्रदेश सरकार प्रति नागरिकहरुको धारणा सकारात्मक हुन नसकिरहेको अवस्थामा राजनीतिक व्यवस्थाप्रति नै वितृष्णा पैदा हुनेगरी वर्तमान सरकारले राज्य दोहन र लुटतन्त्र मच्चाउन खोजेको आरोप लगाएका छन् ।

बागमतीमा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय रहेका छन् ।

मुख्यमन्त्री राजेन्द्र पाण्डेले हालको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय विभाजन गरेका छन् ।

## अपाङ्गता भएकालाई न्यानो कपडा सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका क्षेत्रका अपाङ्गता भएका बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ । हेटौंडा उपमहानगरपालिकाको आयोजनामा अपाङ्गता भएका व्यक्तिको ३० औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा मेयर हरि बहादुर महतले न्यानो कपडा वितरण गरेका हुन् ।

बोल्न सक्ने, हिड्न सक्ने र पहुँच भएकाहरुलाई भन्दा पनि उनीहरुका निम्ति स्थानीय सरकार सहयोगि बन्ने मेयर महतले बताए । ३० जना अपाङ्गता भएका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको हो । ‘समावेशी, सुलभ र दिगो, कोभिड-१९ पछिको विश्वतर्फ अपाङ्गता भएका व्यक्तिको नेतृत्व र सहभागिता’ भन्ने नारासहित विश्वभर मनाइएको छ ।

नेपालमा भने ‘हाम्रो प्राथमिकताको आधार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार’ भन्ने राष्ट्रिय नाराका साथ मनाइँएको छ । स्कुल पढ्ने अपाङ्गता भएका विद्यार्थीलाई ध्यानमा राखेर न्यानो कपडा वितरण गरिएको हो ।

संयुक्त राष्ट्र सैले सन् १९८२ को डिसेम्बर ३ तारिखमा अपाङ्गता सम्बन्धी विश्व कार्ययोजना पारित गरेपछि सन् १९९२ देखि दिवस मनाउन थालिएको हो ।

अपाङ्गता भएकाहरुले भोग्नु परेको समस्यामाथि छलफलसँगै चुनौतीको समाधान निकाल्न, अपाङ्गता सम्बन्धी जागरण फैलाउन र अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ यो दिवस मनाउने गरिएको हो । नेपालमा अपाङ्गता भएका व्यक्तिको संख्या कति छ भन्ने यकिन तथ्याङ्क छैन ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.


## अर्वुद मकवानपुरमा अधिकारी सर्वसम्मत चयन

हेटौंडा/नेपाल अर्वुद (क्यान्सर) रोग निवारण संस्था मकवानपुर शाखाको अध्यक्षमा माधव अधिकारी सर्वसम्मत चयन भएका छन् । संस्थाको १९ औं साधारणसभा तथा अधिवेशनले अधिकारीको १५ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा भिमप्रसाद तिमल्सिना लगायत रहेका छन् । नेपाल अर्वुद (क्यान्सर) रोग निवारण संस्था मकवानपुर शाखाकी निवर्तमान अध्यक्ष कपिला जोशीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका मेयर हरिबहादुर महतको सभाध्यक्षतामा रहेको थियो । कार्यक्रममा नेपाल अर्वुद (क्यान्सर) रोग निवारण संस्थाका केन्द्रीय उपाध्यक्ष प्रकाश खतिवडा, महासचिव विमल कुमार हाडा आतिथ्यता रहेको थियो ।

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

**मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।**

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-१०, राप्तीरोड

**एघारौं वार्षिक साधारणसभा सम्बन्धि सूचना**

उपरोक्त सम्बन्धमा २०७८/०७/२५ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको एघारौं वार्षिक साधारणसभा तथा तेस्रो महाधिवेशन निम्न विषयहरुमा छलफल गरी निर्णय तथा पारित गर्न तपसिल अनुसारको मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँको गरीमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु:**

१) संचालक समिति, लेखा समिति र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
२) आ.व.०७७/७८ को लेखा परिक्षण प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
३) आ.व.०७८/७९ को अनुमानित बजेट तथा भावि कार्यक्रमहरु सम्बन्धमा ।
४) आ.व.०७८/७९ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५) एघारौं वार्षिक साधारण सभाको माइन्यूट प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
७) विविध ।


**तपशिल:**

मिति: २०७८/०८/२५ गते शनिबार

समय: १० बजेदेखि स्थान: मकवानपुर उद्योग बाणिज्य संघको सभाहल

*मिती २०७८/०७/२५ गते दिनको २:०० बजे देखि संस्थाको निर्वाचन कार्य सुभारम्भ हुनेछ ।*

*जीत बहादुर श्रेष्ठ (सचिव)*


**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती,

फोन: ९८४१७७१६६४, ९८५५०३१६६४






**मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

मक्रान्चुली, मकवानपुरगढी






**भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, मकवानपुर



**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

***“तपाई, हामी सबैको कुरा”***

साझाकुरा

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल